


वर्ष ४२ | अंक ६ | नेपाल राष्ट्र बैंक समाचार | फागुन २०७४ | फेब्रुअरी-मार्च २०१८

# गभर्नर डा. नेपालद्वारा बैंकिङ एक्स्पोको समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले माघ १९ गते मिडिया इन्टरनेशनलद्वारा काठमाडौंको भृकुटी मण्डपमा आयोजित २ दिने दोस्रो बैंकिङ एक्स्पोको समुद्घाटन गर्नुभयो ।




उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गभर्नर डा. नेपालले बैंकिङ सुविधा नेपालका सम्पूर्ण जनसंख्याले उपभोग गर्न पाउनुपर्छ भन्ने उद्देश्यका साथ आयोजना गरिएको बैंकिङ एक्स्पो अत्यन्तै सराहनीय रहेको बताउनु भयो । वित्तीय साक्षरता अत्यन्तै महत्वपूर्ण रहेकोले यस सम्बन्धी ज्ञान विद्यालय तहदेखि नै दिन सके मुलुक सम्पन्न हुन सक्ने पनि उहाँले उल्लेख गर्नुभयो ।

वित्तीय चेतना पढेर मात्र नजानिने हुँदा उद्यमशीलता सम्बन्धी जानकारीहरु बैंकिङ एक्स्पोबाट दिन सकिने धारणा गभर्नर डा. नेपालले सो समारोहमा राख्नुभयो । उहाँले वित्तीय सारक्षता तथा वित्तीय चेतना सम्बन्धी कार्यक्रम प्रवर्द्धन गर्न नेपाल राष्ट्र बैंकले सदैव सहयोग गरिरहेको र गरिरहने जानकारी पनि दिनुभयो ।

बैंकिङ कारोबार तथा प्रक्रियाको बारेमा जानकारी प्राप्त गर्न तथा बैंकिङ कारोबारलाई सरल बनाउन बैंकिङ एक्स्पो अत्यन्तै उपयोगी हुनुको साथै बैंक तथा वित्तीय संस्था, बिमा कम्पनी, शेयर बजार लगायत सम्पूर्ण आर्थिक कारोबार गर्ने संस्थाहरुलाई पनि अत्यन्त महत्त्वपूर्ण हुने विचार व्यक्त गर्दै गभर्नर डा. नेपालले सुरक्षित बैंकिङ कारोबार गर्न सबैसँग आग्रह गर्नुभयो ।

# सिन्धुपाल्चोकमा “विद्यार्थीसँग नेपाल राष्ट्र बैंक”

नेपाल राष्ट्र बैंकले विद्यार्थीहरुलाई लक्षित गरी वित्तीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित “विद्यार्थीसँग नेपाल राष्ट्र बैंक” कार्यक्रम गभर्नर डा. चिरंजीबि नेपालको प्रमुख आतिथ्यमा माघ २१ गते सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसेस्थित श्री शारदा माध्यमिक विद्यालयमा सम्पन्न भयो ।

सो कार्यक्रममा प्रमुख अतिथिको रुपमा मन्तव्य दिनुहुँदै गभर्नर डा. नेपालले सिन्धुपाल्चोक जिल्ला राजधानी नजिक भए पनि वित्तीय चेतना कम भएको कुरा उल्लेख गर्नुहुँदै अर्थसँग सम्बन्धित विषयहरुमा सानो उमेरदेखि नै ज्ञान हासिल गर्नु जरुरी भएको विचार व्यक्त गर्नुभयो । विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संकटहरुको उदाहरण दिनुहुँदै गभर्नर डा. नेपालले त्यस्ता वित्तीय समस्याहरुको एउटा कारण वित्तीय ज्ञानको अभाव पनि भएको हुँदा पैसाको महत्व विद्यार्थी जीवनदेखि नै बुझ्नुपर्ने र यस कार्यमा अभिभावक तथा शिक्षकहरुको भूमिका पनि महत्वपूर्ण भएको कुरा बताउनु भयो ।

गभर्नर डा. नेपालले मुलुक न्यूनतम रुपमा दैनिक उपभोग्य वस्तुहरुमा आत्मनिर्भर हुनुपर्ने र वैदेशिक रोजगारीको विकल्पमा स्वदेशमै मेहनत गरी राष्ट्रको विकासमा योगदान दिनुपर्ने धारणा पनि सो कार्यक्रममा राख्नुभयो ।



कार्यक्रममा गभर्नरको कार्यालयका निर्देशक राजेन्द्रपण्डितले कार्यपत्र प्रस्तुत गर्नुहुँदै उपस्थित विद्यार्थी तथा शिक्षकहरुलाई राष्ट्रको वित्तीय प्रणाली, वित्तीय उपकरणहरु, विभिन्न प्रकारका बैंकिङ सेवाहरु, बचत, ऋण, विप्रेषण, आधुनिक बैंकिङ प्रणाली, बैंकको सफा नोट नीति लगायतका विषयहरुमा ज्ञान प्रदान गर्नुभयो । अन्तरक्रियात्मक रहेको उक्त कार्यक्रममा बैंकको मुद्रा निष्काशन कार्य, विभिन्न नीतिगत कर्जाहरु, अन्य बैंक तथा वित्तीय संस्थाहरुको नियमन लगायतका विषयहरुमा छलफल भएको थियो ।

# Risk Management and Business Continuity सम्बन्धी सेमिनार

बैंकको दैनिक कार्य सञ्चालनमा अन्तर्निहित जोखिमहरुका अतिरिक्त बदलिँदो राष्ट्रिय र अन्तर्राष्ट्रिय परिदृष्य समेतका कारणबाट उत्पन्न हुने सञ्चालन जोखिमलाई समयमै पहिचान गरी अन्तर्राष्ट्रिय मापदण्ड एवम् प्रचलन बमोजिम न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने उद्देश्यले Risk Management and Business Continuity Planning in Central Bank विषयक २ दिने सेमिनार माघ २६ र २७ गतेका दिन काठमाडौंमा सम्पन्न गरियो। बैंकका कार्यकारी निर्देशक र निर्देशकहरु गरी ७० जनाको सहभागिता रहेको उक्त सेमिनारमा Central Bank of Sri Lanka का निर्देशकहरु Mrs Kusum Dassanayake र Mr Dharmasri Kumaratunge ले सम्बन्धित विषयमा श्रोत व्यक्तिको रुपमा वार्ता प्रस्तुत गर्नु भएको थियो।



उक्त कार्यक्रमको उद्घाटन प्रमुख अतिथि तथा गभर्नर डा. चिरञ्जीबि नेपालले गर्नु भएको भएको थियो। संस्थागत योजना विभागका कार्यकारी निर्देशक भिष्मराज ढुङ्गानाले स्वागत मन्तव्यका साथै सेमिनारको औचित्यबारे जानकारी गराउनु भएको थियो । उक्त कार्यक्रममा बैंकका संचालक डा. श्रीराम पौडेलले यस प्रकारको अन्तर्राष्ट्रियस्तरको कार्यक्रम मार्फत जोखिम व्यवस्थापन र व्यवसाय निरन्तरता योजनाका सम्बन्धमा आवश्यक ज्ञान प्राप्त भई नीतिगत व्यवस्था गर्न एवम् सोको कार्यान्वयन गर्न सहज हुने भनाई राख्दै कार्यक्रम सफलताको शुभकामना दिनु भएको थियो। सोही सेमिनारको दोश्रो दिनको कार्यक्रमको अन्त्यमा डेपुटी गभर्नर शिवराज श्रेष्ठले श्रोत व्यक्ति तथा सहभागीहरुलाई धन्यबाद दिँदै यस किसिमको अन्तर्राष्ट्रियस्तरको सेमिनारले नेपाल राष्ट्र बैंकको जोखिम व्यवस्थापन र व्यवसाय निरन्तरता योजनाको प्रभावकारी कार्यान्वयनको लागि सहयोग पुग्ने विचार व्यक्त गर्नु भएको थियो।




# वित्तीय संस्था कर्मचारी संघको पार्षद बैठक सम्पन्न

नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक केन्द्रीय समितिको चौथो केन्द्रीय परिषद्को माघ ५ गते प्रमुख अतिथिको रुपमा पूर्व अर्थमन्त्री डा. रामशरण महतले उद्घाटन गर्नुभयो । सो अवसरमा उहाँले नेपाल राष्ट्र बैंक बैंकहरुको पनि बैंक भएको र यसले तयार गर्ने नीति नियमले सबैलाई प्रभाव पार्ने हुँदा नेपाल राष्ट्र बैंकका नीतिहरु निकै सोचविचार गरेर मात्र ल्याउनुपर्ने बताउनु भयो । संस्थागत हितको लागि कर्मचारी युनियन र व्यवस्थापन एक भएर अगाडि बढ्नुपर्ने बताउनु हुँदै उहाँले देश संविधान कार्यान्वयनको सिलसिलामा संघीय अवधारणा अनुरुप अगाडि बढेकाले सबै मिलेर आर्थिक समृद्धिको दिशामा अगाडि बढ्न सुझाव दिनुभयो।

सो कार्यक्रमका विशिष्ट अतिथि तथा गभर्नर डा. चिरंजीबि नेपालले आधुनिक भवन २ देखि ३ वर्ष भित्र बन्ने बताउनु भयो साथै, उहाँले देश संघीयतामा गएकोले हाम्रो संरचनामा पनि परिवर्तन आवश्यक रहेको बताउनु भयो। उहाँले सकारात्मक सोचले नेपाल राष्ट्र बैंकलाई अगाडि बढाउन आग्रह गर्दै यूनियनहरुलाई संस्थाको हितमा अगाडि बढ्न सुझाव दिनुभयो।

कार्यक्रममा नेपाल वित्तीय संस्था कर्मचारी संघको विभिन्न पदमा रही सेवा निवृत्त भइसकेका ६१ जनालाई प्रमुख अतिथि डा. महत तथा गभर्नर डा. नेपालले खादा प्रदान गरी बिदाई तथा सम्मान पत्र वितरण गर्नुभएको थियो।

उक्त समारोहमा नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. रेवतबहादुर कार्की, नेपाल ट्रेड युनियन काँग्रेसका उपमहासचिव संजय मिश्र, नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका अध्यक्ष गणेश के. सी., पूर्व केन्द्रीय अध्यक्ष पदमराज रेग्मी र सेवा निवृत्त व्यक्तित्वहरुबाट डा. श्रीप्रसाद पौडेल र ऋषिराम आचार्यले शुभकामना व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य संघका उपाध्यक्ष राजनप्रसाद अधिकारीले गर्नुभएको थियो। साथै संघका महासचिव राजीव शर्मा रेग्मीले नेपाल वित्तीय संस्था कर्मचारी संघको सांगठनिक गतिविधिको चर्चा गर्दै नेपाल वित्तीय संस्था कर्मचारी संघ नेपाल राष्ट्र बैंक भित्र हुने विभेद विरुद्ध सधैं लड्ने बताउनु भयो।

नेपाल वित्तीय संस्था कर्मचारी संघका केन्द्रीय अध्यक्ष रेशमराज रेग्मीको सभापतित्वमा भएको उक्त कार्यक्रममा बैंकका कार्यकारी निर्देशकहरु, निर्देशकहरु, अन्य अधिकृत तथा कर्मचारीहरु र संघका विभिन्न शाखा समितिका अध्यक्षहरु, सचिवहरु, पार्षद् पर्यवेक्षक तथा विभिन्न बैंक तथा वित्तीय संस्थाका अध्यक्षहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमको संचालन संघका केन्द्रीय सचिव हरिकृष्ण भट्टराईले गर्नु भएको थियो।

# ललितपुर र भक्तपुरमा मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रिया

अनुसन्धान विभाग, मूल्य महाशाखाले ललितपुर जिल्लाको ललितपुर बजारकेन्द्रमा पुस ३० गते र भक्तपुर जिल्लाको भक्तपुर बजारकेन्द्रमा माघ ११ गते "मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम" सम्पन्न गऱ्यो ।




ललितपुरमा सञ्चालन गरिएको कार्यक्रमको सभापतित्व अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले गर्नुभयो र प्रमुख अतिथिको रूपमा ललितपुर उद्योग वाणिज्य संघका वाणिज्य उपाध्यक्ष रूपकुमार शाक्य रहनु भएको थियो । त्यसैगरी, कार्यकारी निर्देशक थापाको सभापतित्व एवम् भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष रामप्रसाद प्रजापतिको प्रमुख आतिथ्यतामा भक्तपुरमा सञ्चालन गरिएको अन्तरक्रिया कार्यक्रममा अतिथिको रूपमा ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिव, शारदा माध्यमिक विद्यालयका प्रधानाध्यापक रोशनराज तुईतुई तथा आदर्श माध्यमिक विद्यालयका प्रधानाध्यापक उद्धव सुजखुको उपस्थिति रहेको थियो । उक्त दुवै कार्यक्रमहरूमा अनुसन्धान विभागका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ अतिथिको रूपमा रहनु भयो भने मूल्य तथ्याङ्क प्रदायक स्रोत पसलधनीहरूको उपस्थिति रहेको थियो ।

उपर्युक्त दुवै कार्यक्रममा नेपाल राष्ट्र बैंकले मूल्य तथ्याङ्क संकलन गर्नुको उद्देश्य, तथ्याङ्क संकलनका विधिहरू, मूल्य तथ्याङ्कको उपयोग एवम् उपयोगिता लगायत मूल्य तथ्याङ्क सम्बन्धी अन्य विषयहरूमा केन्द्रित भई उपनिर्देशक दुर्गेशगोपाल श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । अतिथिको रूपमा सम्बोधन गर्नु हुने ललितपुर उद्योग वाणिज्य संघका वाणिज्य उपाध्यक्ष शाक्य र भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रजापतिले मन्तव्यको क्रममा नेपाल राष्ट्र बैंकले संकलन गर्दै आएको मूल्य तथ्याङ्क मुलुकको समग्र मुद्रास्फीतिको मापनकार्यमा मात्र उपयोग हुने भएकोले सम्पूर्ण व्यवासायीहरूलाई बैंकले मागेको समयमा बिना हिचकिचाहट यथार्थ मूल्य तथ्याङ्क दिन अनुरोध गर्नुभयो । साथै, आगामी दिनहरूमा उद्योग वाणिज्य संघको सहकार्यमा मूल्य तथ्याङ्क संकलन गर्दा बढी प्रभावकारी हुने चर्चा गर्दै बैंकलाई यस्ता कार्यमा हरतरहले सहयोग गर्न तयार रहेको समेत जानकारी गराउनु भयो ।




अनुसन्धान विभागका कार्यकारी निर्देशक थापाले कुनै पनि मुलुकको आर्थिक स्थितिको मापन एवम् विश्लेषण गर्न विविध किसिमका आर्थिक परिसूचकहरू आवश्यक पर्ने गर्दछ र सोको निर्माणार्थ विभिन्न आर्थिक तथ्याङ्कहरूको आवश्यकता एवम् महत्वपूर्ण भूमिका रहने गरेको जानकारी गराउनु भयो । मन्तव्यको क्रममा उहाँले विश्वका अधिकांश केन्द्रीय बैंकहरूले अर्थव्यवस्थामा मूल्य स्थिरता कायम गर्नेतर्फ मौद्रिक नीति परिचालन गर्ने गरेको र नेपाल राष्ट्र बैंकले पनि मौद्रिक नीति निर्माण गर्दा मूल्य स्थिरतालाई प्रमुख लक्ष्य बनाउने गरेको बारे बताउनु भयो । साथै, मूल्य तथ्याङ्कसँग सम्बन्धित विविध पक्षहरूका बारे संक्षिप्त वार्ता प्रस्तुत गर्नु भई कार्यक्रमका सहभागीहरूबाट उठेका जिज्ञासाहरूलाई सम्बोधन गर्नुभयो ।

उक्त कार्यक्रमहरूमध्ये ललितपुरमा सहायक निर्देशक सुन्दर खड्काले र भक्तपुरमा सहायक निर्देशक राजेन्द्रप्रसाद मैनालीले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

## अवकाश

धनगढी कार्यालयका निर्देशक धनन्जय शर्मा, सामान्य सेवा विभागका निर्देशक(अटोमोवायल) केशव बडाल र विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक कमल आचार्यले सेवाबाट अवकाश पाउनु भएको छ । ३० बर्षे सेवा अवधिको कारणले उहाँहरुले अवकाश पाउनु भएको हो ।

विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक (कम्प्युटर) जयशंकर महर्जन र पोखरा कार्यालयका उपनिर्देशक बृहस्पति अधिकारीले सेवाबाट अवकाश पाउनु भएको छ । उहाँहरुले पनि ३० बर्षे सेवा अवधिको कारणले अवकाश पाउनु भएको हो ।

यसैगरी ३० बर्षे सेवा अवधिकै कारणले सहायक निर्देशकहरु लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका रजनी श्रेष्ठ, नेपालगञ्ज कार्यालयका ईला शर्मा तथा सिद्धार्थनगर कार्यालयका कुमुदकुमार बर्माले पनि सेवाबाट अवकाश पाउनु भएको छ । पोखरा कार्यालयका कार्यालय सहयोगी प्रथम वसन्त श्रेष्ठले पनि सोही कारणले अवकाश सेवाबाट अवकाश पाउनु भएको छ ।

## कार्यकारी निर्देशकमा बढुवा

कायम मुकायम कार्यकारी निर्देशकहरु क्रमश: गभर्नरको कार्यालयका डा. नेफिल मातङ्गि मास्के, जनशक्ति व्यवस्थापन विभागका उपेन्द्रकुमार पौडेल, सामान्य सेवा विभागका एजेन्द्रप्रसाद लुईंटेल, राष्ट्र ऋण व्यवस्थापन विभागका भुवनेशप्रसाद पन्त, वित्त कम्पनी सुपरिवेक्षण विभागका वासुदेव अधिकारी,, वित्त व्यवस्थापन विभागका डा. गोपालप्रसाद भट्ट, आन्तरिक लेखापरीक्षण विभागका नीलम ढुंगाना (तिम्सिना) र बैकिङ कार्यालयका झलक शर्मा आचार्य कार्यकारी निर्देशक पदमा बढुवा हुनुभएको छ ।

# पद तथा गोपनियताको सपथग्रहण

नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्यद्वारा समिट माइक्रो फाइनान्स वित्तीय संस्था लिमिटेड, झापाका नवनियुक्त संचालक समितिका अध्यक्ष तिर्थराज ढकाललाई माघ ३ मा पद तथा गोपनियताको सपथ ग्रहण गराउनु भयो । सोही अवसरमा निर्देशकको रोहवरमा अध्यक्षले संचालक समितिका अन्य सदस्यहरुलाई समेत पद तथा गोपनियताको शपथ ग्रहण गराउनु भएको थियो ।



बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १२७ को उपदफा (२) बमोजम जिल्लास्थित (उपत्यका बाहिर) प्रधान कार्यालय भएका क्षेत्रीय वा जिल्लास्तरीय बैंक तथा वित्तीय संस्थाहरुका संचालक समितिको अध्यक्षको हकमा उक्त क्षेत्रमा अवस्थित नेपाल राष्ट्र बैंकका निर्देशक समक्ष पद तथा गोपनियताको सपथ लिनु पर्ने व्यवस्था अनुसार यस्तो कार्यक्रम सम्पन्न भएको हो । सो अवसरमा निर्देशक आचार्यले नवनियुक्त सञ्चालकहरुलाई बधाई ज्ञापन गर्दै सुदृढ संस्थागत सुशासन, ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अभिवृद्धि गर्नुको साथै लघुवित्त क्षेत्रमा गुणस्तरीय ऋण लगानी गर्न सुझाव दिनु भएको थियो ।

# जनकपुर कार्यालयमा स्वागत तथा विदाई कार्यक्रम

जनकपुर कार्यालयले पदस्थापन भई आउनु भएका सहायक निर्देशक ज्ञानेन्द्र सुवाललाई स्वागत गर्न, कार्यालयबाट सरुवा हुनु भएका सहायकहरु शोभा पाठक, हरि गौतम, विश्वनाथ अधिकारी र प्रदीपकुमार पाठक तथा बैंक सेवाबाट अनिवार्य अवकाश हुनुभएका तत्कालीन कार्यालय सहयोगी प्रथम रीतबहादुर अधिकारीलाई विदाई गर्न माघ १९ गते कार्यालयको सभाहलमा एक कार्यक्रमको आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा कार्यालयका निर्देशक रामप्रसाद गौतमले पदस्थापन भई आउनुभएका सहायक निर्देशक सुवाललाई स्वागत गर्दै खादा र टीका लगाई दिनुभयो । कार्यालयबाट सरुवा हुनु भएका सहायकहरु र अनिवार्य अवकाश प्राप्त गर्नु भएका तत्कालीन कार्यालय सहयोगी प्रथम अधिकारीलाई विदाइ स्वरुप खादा तथा टीका लगाई कार्यालयको तर्फबाट उपहार प्रदान गर्नुभयो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै निर्देशक गौतमले कर्मचारीहरुको वृत्ति विकासको रुपमा रहेको सरुवा बढुवा सम्बन्धी व्यवस्थालाई सबैले स्वाभाविक रुपमा लिनु पर्ने बताउनु भयो । आफ्नो कार्यसम्पादन गुणस्तरीय र प्रभावकारी बनाउन सबैले ध्यान दिनुपर्नेमा जोड दिँदै उहाँले जनकपुर कार्यालयबाट सरुवा भई जानेको संख्या आउनेको भन्दा बढी भएकोले कार्यरत कर्मचारीहरुमा कार्यबोझ थप हुने अवस्था सिर्जना भएको धारणा राख्नुभयो । साथै, उहाँले सरुवा हुनुभएका सहायकहरुले कार्यालय सञ्चालनमा पुऱ्याएको योगदानको कदर गर्दै आगामी दिनमा उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो भने अनिवार्य अवकाश प्राप्त गर्नु भएका तत्कालीन कार्यालय सहयोगी प्रथम अधिकारीको अवकाश पछिको जीवन सुखमय होस् भनी कामना गर्नुभयो ।

कार्यक्रममा उपनिर्देशक माधव दंगालले स्वागत मन्तव्य व्यक्त गर्दै हामी सबै प्रतिष्ठित संस्थाका कर्मचारीहरु भएकाले जो जहाँ भए पनि संस्थाको प्रतिष्ठा कायम हुने गरी कार्य गर्नु पर्ने धारणा राख्नुभयो । उपनिर्देशकद्वय वासुदेव भट्टराई र प्रल्हाद गिरी लगायत कार्यालयका अधिकृत तथा कर्मचारीहरुको उपस्थिति रहेको उक्त कार्यक्रमको सञ्चालन सहायक निर्देशक रामकाजी खाइजूले गर्नुभएको थियो ।

कार्यक्रममा सहायकहरु शोभा पाठक, हरि गौतम, विश्वनाथ अधिकारी र प्रदीपकुमार पाठकले आ-आफ्नो कार्यालय अनुभव सुनाउनु भएको थियो भने नेपाल राष्ट्र बैंक कर्मचारी संघ, जनकपुरका उपाध्यक्ष शिवनारायण झा र नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक जनकपुरका अध्यक्ष गंगेशकुमार झाले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# धनगढी कार्यालयमा बिदाई कार्यक्रम

नेपाल राष्ट्र बैंकमा ३० बर्षे सेवा अवधि पूरा गरी निवृत्त हुनु भएका धनगढी कार्यालयका निर्देशक धनन्जय शर्माको माघ १० गते एक कार्यक्रम आयोजना गरी बिदाई गरियो । उक्त अवसरमा निवर्तमान निर्देशक धनन्जय शर्माले आफूले धनगढी कार्यालयमा थोरै समय काम गर्ने अवसर पाएको भए तापनि आफूले सधैं संस्थाको हितमा काम गरेको तथा धनगढी कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई आफ्नो स्वार्थ भन्दा संस्थाको हितमा हुने कार्य गर्न आग्रह गर्नुभयो । धनगढी कार्यालयका कर्मचारी माझ सम्पन्न उक्त कार्यक्रममा कर्मचारीहरुले टीका लगाई तथा पुष्पगुच्छा प्रदान गरी शुभकामना तथा बिदाई गरियो ।



# डिजिटल वालेट



केदारप्रसाद आचार्य
उपनिर्देशक

आर्थिक कारोबार अन्तर्गत लेनदेन तथा भुक्तानी गर्नका लागि समयक्रममा विभिन्न उपकरणको विकास भएको पाइन्छ । इतिहासको प्रारम्भिक कालखण्डमा वस्तु विनिमयमा भर परेको मानव समाजमा कालक्रममा शंख, सिपी, धातु आदि विनिमयका माध्यमका रुपमा विकसित भए । त्यसपछि धातुका मुद्रा प्रचलित भए । धातुका मुद्रापछि कागजी नोटको विकास भयो । सूचना प्रविधिको क्षेत्रमा विकास भएपछि मुद्राको विद्युतीय स्वरुप पनि प्रचलित भयो । आज भुक्तानी कार्ड, मोबाइल वालेट जस्ता उपकरणमा समेत मुद्रा संचित गरी कारोबार गर्न सकिन्छ । विद्युतीय मुद्राको एउटा स्वरुप नै डिजिटल वालेट हो ।

"वालेट (Wallet)" शब्दले सामान्यतया: पैसा राख्ने थैलीलाई जनाउँछ । मानिसले वालेटमा पैसा राख्छन् र आवश्यकता अनुसार किनमेल, भुक्तानी तथा ससाना लेनदेनका लागि त्यहींबाट खर्च गर्दछन् । परम्परागत वालेटमा कागजी नोट वा सिक्का राखिन्छ र त्यही चलाइन्छ । डिजिटल वालेटमा भने पैसालाई विद्युतीय रुपमा राखिन्छ । डिजिटल वालेट एउटा विद्युतीय उपकरण र सफ्टवेयरको संयुक्त रुप हो, जसबाट विद्युतीय रुपमा भुक्तानी कारोबार गर्न सकिन्छ । यो प्रविधि रकमलाई विद्युतीय रुपमा राख्ने र कारोबार गर्ने माध्यम हो । यसबाट रकम भुक्तानी गर्न, किनमेल गर्न तथा रकमान्तर गर्न समेत सकिन्छ । डिजिटल वालेट सामान्यतया बैंक तथा वित्तीय संस्थाको खातामा सम्बद्ध गरी वा अन्य तरिकाले वालेटमा रकम जम्मा गरी कारोबार गर्न सकिन्छ ।

डिजिटल वालेटबाट वित्तीय कारोबार विद्युतीय रुपमा हुने हुनाले यसलाई इ-वालेट (इलेक्ट्रोनिक वालेट) पनि भनिन्छ । यस्तो कारोबार इन्टरनेटको माध्यमबाट गरिने हुनाले डेस्क टप कम्प्युटर, ल्यापटप कम्प्युटर वा स्मार्ट फोनबाट पनि गर्न सकिन्छ । स्मार्ट फोनमा यस्तो कारोबार गर्न सजिलोका लागि एप्लिकेसनहरु पनि राख्न सकिन्छ र एसएमएस वा युएसएसडी कोडको माध्यमबाट पनि कारोबार गर्न सकिन्छ । यस्तो वालेटबाट MPOS (मोबाइल प्वाइन्ट अफ सेल) तथा क्वीक रेन्सपोन्स कोड (QR Code) का माध्यमबाट पनि कारोबार गर्न सकिन्छ । मोबाइल फोनमा रकम रहने भएकाले यसलाई मोबाइल वालेट पनि भनिन्छ ।

भुक्तानी प्रणालीको क्षेत्रमा भुक्तानी कार्डहरु (डेबिट कार्ड, क्रेडिट कार्ड र प्रिपेड कार्ड) पछि डिजिटल वालेटको विकास हो । यसले सानो मूल्यका भुक्तानी (Retail Payment) को क्षेत्रमा ठुलो परिवर्तन ल्याएको छ । नेपालमा पनि सन् २००२ बाट इन्टरनेट बैंकिङ सेवा सुरु भएको थियो भने सन् २००४ बाट मोबाइल बैंकिङ सेवा सुरु भएको थियो । यी सुविधाहरु सुरुमा वाणिज्य बैंकहरुले नेपालमा भित्र्याएका थिए । हाल बैंक तथा वित्तीय संस्थाका अतिरिक्त गैर बैंक वित्तीय संस्थाहरुले पनि डिजिटल वालेटको सुविधा दिइरहेका छन् । विद्युतीय कार्डका सुविधा समेत डिजिटल वालेटबाट लिन सकिने भएको छ ।

नेपालमा पनि डिजिटल वालेटको सुविधा लोकप्रिय हुँदै गएको छ । सबै जसो बैंक तथा वित्तीय संस्थाले मोबाइल बैंकिङको सेवा दिएका छन् । बैंक खातामा सम्बद्ध मोबाइल वालेटबाट सञ्चालन हुने कारोबारलाई मोबाइल वित्तीय सेवा (Mobile Financial Services) भनिन्छ । यस सुविधाबाट ग्राहकले बैंकमा रहेको आफ्नो खाताबाट विभिन्न भुक्तानी कारोबार गर्न सक्छन् । यसबाट ग्राहकहरुले खातामा रहेको मौज्दातको जानकारी लिने, तेस्रो पक्षको खातामा रकमान्तर गर्ने, वस्तु वा सेवा खरिद वा उपभोग गरे वापतको रकम भुक्तानी गर्ने तथा अन्य किसिमको वित्तीय सेवा प्रदान गर्ने काम गर्न सक्छन् । यसै गरी, डिजिटल वालेट सञ्चालन गर्ने संस्थाले पनि वालेट (खाता) मा रहेको रकमको जानकारी पाउने, कारोबार विवरण (स्टेटमेन्ट) उपलब्ध गराउने, तेस्रो पक्षको खातामा रकमान्तर गर्ने, वस्तु वा सेवा खरिद गरे बापतको बिल भुक्तानी गर्ने जस्ता कारोबार गर्न पाउछन् । यस्तो कारोबारलाई मोबाइल भुक्तानी सेवा (Mobile Payment Services) भनिन्छ । यसरी मोबाइल वालेटबाट खातामा प्रभाव पर्ने वित्तीय कारोबार (Financial Transaction) र खाताको बारेमा जानकारी मात्र लिइने गैरवित्तीय कारोबार (Non-Financial Transaction) कारोबार गर्न सकिन्छ । कानुनी तथा विद्युतीय पूर्वाधारको विकास भएपछि सामाजिक सुरक्षाको रकम भुक्तानी तथा ससानो राजस्व भुक्तानीको कार्य पनि यसै सेवाबाट गर्न सकिने देखिन्छ ।

अधिकांश बैंक तथा वित्तीय संस्थाहरुले मोबाइल बैंकिङ सेवा प्रदान गरिरहेकाले नेपालमा पनि मोबाइल बैंकिङ सेवाको क्रमिक विकास भइरहेको छ । २०७३ असारसम्ममा १७ लाख ५५ हजार मोबाइल बैंकिङ सेवाका ग्राहक रहेकामा २०७४ असारसम्म २६ लाख ७० हजार ग्राहक पुगेका छन् । २०७४ असोज मसान्तमा मोबाइल बैंकिङ सेवाका २९ लाख ३० हजार ग्राहकले मोबाइल बैंकिङ सेवा लिइसकेका छन् । यसका साथै, नेपाल राष्ट्र बैंकले बैंक बाहेकका भुक्तानी संस्थालाई पनि भुक्तानी सेवा सञ्चालनको अनुमति दिने नीति लिएको छ । यस अनुसार हालसम्म तीनवटा भुक्तानी सेवा सञ्चालन गर्ने संस्थाले डिजिटल वालेट (मोबाइल वालेट) सञ्चालनको लागि अनुमतिपत्र पाइसकेका छन् । अन्य केही संस्था अनुमतिपत्रको पर्खाइमा रहेका छन् । यी संस्थाको गतिविधिमा विस्तार भएपछि नेपाली बजारमा पनि विद्युतीय माध्यमबाट भुक्तानी (इ पेमेन्ट) तथा विद्युतीय भुक्तानीको माध्यमबाट व्यापारिक कारोबार (इ-कमर्स) को विकासमा ठुलो योगदान पुग्न जाने देखिन्छ ।

डिजिटल वालेट खोल्न सजिलो छ । डिजिटल वालेट चलाउने संस्थाको वेब साइटबाट नै पनि आफ्नो डिजिटल खाता खोल्न सकिन्छ । यसका साथै यस्ता बालेट चलाउने कम्पनीका एजेन्टकहाँ गएर पनि खाता खोल्न सकिन्छ । खाता खोल्दा ग्राहकको जानकारी सम्बन्धी विवरण भने उपलब्ध गराउनु पर्छ । गैर बैंक वित्तीय संस्थामा खोलिएको डिजिटल खातामा आफ्नो बैंक खाताबाट पैसा ट्रान्सफर गर्न सकिन्छ ।

बाँकी ६ पेजमा

५ पेजको बाँकी

## डिजिटल ...

एजेन्टलाई रकम बुझाएर खातामा पैसा ट्रान्सफर गराउने सुविधा पनि पाइन्छ । डिजिटल खाताबाट विभिन्न किसिमको भुक्तानी गर्न सकिन्छ । बिजुली, इन्टरनेट, केबुल, टेलिफोनको बिल तिर्ने काम, मोबाइलमा रिचार्ज गर्ने काम, विभिन्न शिक्षण संस्थाको शुल्क तिर्ने काम यही वालेटको माध्यमबाट गर्न सकिन्छ । यसैगरी बस वा हवाइजहाजको टिकट काट्ने सेवा पनि ती संस्थाले प्रदान गरेका छन् । डिजिटल वालेटबाट के काम गर्न सकिन्छ भन्ने कुरा ती वालेट संचालन गर्ने संस्था र विभिन्न वस्तु तथा सेवा प्रदान गर्ने व्यापारिक फर्म बीचको सम्झौताबाट तय हुन्छ । यदि डिजिटल वालेट संचालन गर्ने संस्थाले धेरै किसिमका वस्तु र सेवा प्रदान गर्ने निकायसँग सम्झौता गर्न सक्यो भने डिजिटल वालेट उपयोग गर्ने ग्राहकले बढी वस्तु तथा सेवाको खरिद डिजिटल वालेटको माध्यमबाट खरिद गर्न सक्छ । त्यसैले आजभन्दा भोलि डिजिटल वालेटको प्रयोगबाट बढी सुविधा पाउने संभावना रहन्छ ।

डिजिटल वालेटबाट अर्को डिजिटल वालेटमा पैसा ट्रान्सफर गर्न वा बैंकको खातामा पैसा जम्मा गर्न पनि सकिन्छ । यसबाट रकमान्तरको काम पनि गर्न सकिन्छ । नेपाल जस्तो बैंकिङ पहुँच कम भएको मुलुकमा डिजिटल वालेटको माध्यमबाट बैंकिङ पहुँच पुऱ्याउन सकिने सोचाइ पनि राखिएको छ । यस्ता प्रविधि तथा सेवाको प्रयोगबाट बैंकिङ सेवामा सर्वसाधारणको पहुँच बढाई बैंकिङ सेवालाई समावेशी बनाउन पनि सकिन्छ । ग्राहकको हातमा वा साथमा रहेको उपकरणबाट नै बैंक वा वित्तीय संस्थाभन्दा टाढा रहेर भुक्तानी कारोबार गर्न सकिने भएकाले नेपालमा यसको महत्व निकै रहेको देखिन्छ । कमजोर पूर्वाधारका कारण ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय संस्था स्थापना हुन नसक्ने र सामान्य बैंकिङ कारोबारका लागि पनि टाढाबाट बैंकमा आउनु पर्ने कठिनाइको समाधानमा यो सेवा प्रभावकारी हुने देखिन्छ ।

नेपाल सरकारले समेत विद्युतीय भुक्तानी कारोबारलाई प्रोत्साहित गर्ने नीति लिएको छ । वित्तीय क्षेत्र विकास रणनीति २०७३/७४-२०७७/७८ मा रियल टाइम ग्रस सेटलमेन्ट सिस्टम (आरटीजिएस), राष्ट्रिय भुक्तानी द्वार (नेसनल पेमेन्ट स्वीच/गेटवे), सेन्ट्रल सेक्युरिटिज डिपोजिटरी (सीएसडी) जस्ता वित्तीय भुक्तानी सेवाका लागि आवश्यक पूर्वाधार स्थापना गर्ने तथा सामाजिक सुरक्षाको रकम वितरण तथा राजस्व असुलीका लागि विद्युतीय भुक्तानी प्रणालीको प्रयोग गरिने नीति लिइएको छ । चालू आर्थिक वर्षको बजेटमा समेत सूचना प्रविधिको अधिकतम प्रयोग गरी शाखा रहित बैंकिङ, इन्टरनेट बैंकिङ तथा मोबाइल वालेट जस्ता नवीनतम वित्तीय सेवा उपलब्ध गराउन बैंकहरुलाई प्रोत्साहित गर्ने नीति लिएको छ । नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिमा समेत वित्तीय क्षेत्र विकास रणनीतिमा उल्लेख भएका भुक्तानी पूर्वाधारको निर्माण गरिने विषय उल्लेख भई सोही बमोजिम कार्य अघि बढिरहेको छ । मोबाइल वालेट संचालन गर्न भुक्तानी सम्बन्धी काम गर्न चाहने व्यक्ति र संस्थाहरुले चासो देखाइरहेका छन् । मोबाइल वालेट लोकप्रिय भुक्तानी उपकरण भएको हुनाले नेपालमा पनि सहज उपलब्ध र प्रयुक्त हुने विश्वास गर्न सकिन्छ ।

kedarji330@gmail.com

## सरुवा/कायम मुकायम

जनशक्ति व्यवस्थापन विभागका निर्देशक मुकुन्द महतको बैंक सुपरिवेक्षण विभागमा, विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक नरेश शाक्यको जनकपुर कार्यालयमा, बैकिङ कार्यालयका निर्देशक तुलसीप्रसाद घिमिरे र नेपालगञ्ज कार्यालयका निर्देशक गुरुप्रसाद पौडेलको जनशक्ति व्यवस्थापन विभागमा, विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक बिमलराज खनालको नेपालगञ्ज कार्यालयमा,, जनकपुर कार्यालयका निर्देशक रामप्रसाद गौतमको बैकिङ कार्यालयमा, बैंक सुपरिवेक्षण विभागका निर्देशक किरण पण्डितको धनगढी कार्यालयमा र जनशक्ति व्यवस्थापन विभागका का. मु. निर्देशक बलराम पौडेलको विकास बैंक सुपरिवेक्षण विभागमा सरुवा भएको छ ।

बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक हरिगोपाल अधिकारी र वित्तीय जानकारी एकाइका उपनिर्देशक श्यामकृष्ण दाहाल निर्देशक पदमा कायम मुकायम मुकरर हुनुभएको छ । उहाँहरुको क्रमशः विकास बैंक सुपरिवेक्षण विभाग र मुद्रा व्यवस्थापन विभागको टक्सार महाशाखामा सरुवा भएको छ ।

वित्त व्यवस्थापन विभागका प्रधान सहायक शंकरप्रसाद बजगाई, बैकिङ कार्यालयका प्रधान सहायक भोलाराज खड्का, वीरगञ्ज कार्यालयका सहायक प्रविन सुवेदी, भुक्तानी प्रणाली विभाग (कामकाज बैंक तथा वित्तीय संस्था नियमन विभाग)का सहायक हरिप्रसाद अर्याल, जनकपुर कार्यालयका सहायक हरि गौतम, बैंकिङ कार्यालयका सहायक रामबहादुर कटुवाल र धनगढी कार्यालयका उपसहायक टिकाराम महराको मुद्रा व्यवस्थापन विभागमा सरुवा भएको छ ।

सहायकहरु धनगढी कार्यालयका गोपीकृष्ण अर्याल, जनकपुर कार्यालयका शोभा पाठक, विश्वनाथ अधिकारी र प्रदिपकुमार पाठक , नेपालगञ्ज कार्यालयका वेदनिधि सापकोटा र आशिस ज्ञवाली, पोखरा कार्यालयका रचना ज्ञवाली र उर्मिला सापकोटा, सिद्धार्थनगर कार्यालयका रमेश ढकाल तथा जनकपुर कार्यालय (कामकाज सिद्धार्थनगर कार्यालय)का विजयता राजभण्डारीको बैकिङ कार्यालयमा सरुवा भएको छ ।

सहायकहरु वीरगञ्ज कार्यालयका शारदा लोहनी र पोखरा कार्यालयका गीता पोखरेल लम्सालको वित्त व्यवस्थापन विभागमा सरुवा भएको छ ।

सहायकहरु नेपालगञ्ज कार्यालयका सुशिल खनाल, धनगढी कार्यालयका देवेन्द्र सुवेदी, सिद्धार्थनगर कार्यालयका राजकुमार लामा, वीरगञ्ज कार्यालयका स्मृति बराल र धनगढी कार्यालयका सिद्धराज भट्टको क्रमशः सिद्धार्थनगर कार्यालय, पोखरा कार्यालय, मुद्रा व्यवस्थापन विभागको टक्सार महाशाखा, बैंक तथा वित्तीय संस्था नियमन विभाग र संस्थागत योजना विभागमा सरुवा भएको छ ।

## राजीनामा

बिराटनगर कार्यालयका सहायक बन्दना कुमारी ठाकुरले दिनुभएको राजीनामा स्वीकृत भएको छ ।

# अन्तर्राष्ट्रिय तालिम/सेमिनार/गोष्ठी/मिटिङ आदिमा सहभागिता

गभर्नर डा.चिरंजीबि नेपाल NRNA ले UK मा January 21 देखि 22 सम्म आयोजना गरेको Collective Investment सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो ।

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी South Korea मा February 8 देखि 9 सम्म आयोजना गरिएको Ceremony and Remittance सम्बन्धी कार्यक्रममा र IMF-SARTTAC ले India मा January 17 देखि 19 सम्म आयोजना गरेको Visit to IMF-SARTTAC and SBI training Center बिषयक कार्यक्रममा सहभागी हुनुभयो । यसमध्ये South Korea को कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक मीना अधिकारी पनि सहभागी हुनुहुन्थ्यो ।

डेपुटी गर्भनर शिवराज श्रेष्ठ Bank for International Settlements ले Swizerland मा January 31 देखि February 2 सम्म आयोजना गरेको Bank Resolution, Crisis सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो । यो कार्यक्रममा विकास बैंक सुपरिवेक्षण विभागको कार्यकारी निर्देशक भुवन कडेलको पनि सहभागिता रहेको थियो ।

कार्यकारी निर्देशकहरु संस्थागत योजना विभागका भिष्मराज ढुंगाना र सामान्य सेवा विभागका एजेन्द्रप्रसाद लुईंटेल Perum Peruri ले Indonesia मा January 29 देखि 31 सम्म आयोजना गरेको Printing Process of Rs 500 मा सहभागी हुनुभयो । सो कार्यक्रममा कानुन महाशाखाका निर्देशक रामहरि न्यौपाने, गभर्नरको कार्यालयका उपनिर्देशक माधवराम डंगोल र बैंकिङ कार्यालयका सहायक निर्देशक माधवप्रसाद बराल पनि सहभागी हुनु भएको थियो ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक वासुदेव अधिकारी र पोखरा कार्यालयका उपनिर्देशक तिलबहादुर गुरुङ्ग The Chinese University of HongKong ले Hongkong मा February 8 देखि 10 सम्म आयोजना गरेको 6th Advance Programme मा सहभागी हुनुभयो ।

मुद्रा व्यवस्थापन विभागका निर्देशक तथा का. मु. निर्देशक क्रमशः भिष्मप्रसाद उप्रेती र प्रेमप्रसाद न्यौपाने Geiscke & Devrient ले Germany मा February 19 देखि 21 सम्म आयोजना गरेको Destruction of Origination मा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक डिलाराम सुवेदी र वित्त व्यवस्थापन विभागका सहायक निर्देशक बालकुमार थापा CICTAB ले India मा February 12 देखि 16 सम्म आयोजना गरेको Financing Small enterprises for Rural Development विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक बिनोदकुमार तण्डुकार तथा सहायक निर्देशकहरु सुरेशकुमार दाहाल, राम चन्द्र भट्टराई, विकासराज पाण्डे, झंकनाथ ढकाल, बिष्णुप्रसाद फुयाँल, राकेश प्रजापति र रामहरि रिमाल, बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक बिमुल मानन्धर तथा सहायक निर्देशकहरु स्नेहा अग्रवाल, धनञ्जय पराजुली, रुद्रप्रसाद तिमिल्सिना, लक्ष्मीनारायण ताम्राकार, टेकेन्द्र भट्टराई, सत्येन्द्रमणि त्रिपाठी, बबि के.सी., राजु पौडेल र कमलबहादुर तामाङ्ग Bank Of Phillippines ले Phillippines मा January 23 देखि 26 सम्म आयोजना गरेको Banking Supervision विषयक कार्यक्रममा सहभागी हुनुभयो । लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशकहरु छविलाल पौडेल, यामलाल सुर्खाली, जयनारायण प्रधान, रेवतीराज पौडेल, यज्ञराज पाण्डे, अम्बिका नेपाल र सुरेश के.सी. पनि सो कार्यक्रममा सहभागी हुनुभयो । त्यसैगरी, पोखरा कार्यालयका सहायक निर्देशक रामजीप्रसाद अधिकारी, वित्त कम्पनी सुपरिवेक्षण विभागका उपनिर्देशक दिनेशकुमार सिंह तथा सहायक निर्देशकहरु खगराज सापकोटा, विश्वनाथ न्यौपाने र खिलनाथ दाहाल पनि सो कार्यक्रममा सहभागी हुनुभएको थियो ।

विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक नरेश शाक्य, जनशक्ति व्यवस्थापन विभागका का.मु. निर्देशक केशव थापा तथा उपनिर्देशकहरु बैंकर्स प्रशिक्षण केन्द्रका ध्रुवराज आचार्य, जनशक्ति व्यवस्थापन विभागका हरिप्रसाद सुवेदी, मुद्रा व्यवस्थापन विभागका हेमनाथ त्रिपाठी, गभर्नरको कार्यालयका रामप्रसाद राजभण्डारी, राष्ट्र ऋण व्यवस्थापन विभागका पुष्पा भण्डारी बराल र हीरादेवी बिष्ट र आन्तरिक लेखापरीक्षण विभागका मोहनप्रसाद भट्टराई Bank of Phillippines ले Phillippines मा February 6 देखि 9 सम्म आयोजना गरेको General Banking सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो । सहायक निर्देशकहरु मुद्रा व्यवस्थापन विभागका सुरेन्द्र के.सी., संस्थागत योजना विभागका जितेन्द्रनारायण श्रेष्ठ, सिद्धार्थनगर कार्यालयका गुलाव धवल र छविलाल घिमिरे, नेपालगंज कार्यालयका रमेशकुमार मल्ल, गणेशबहादुर मल्ल र राजनविक्रम थापा, वित्त व्यवस्थापन विभागका बिष्णुप्रसाद गुरागाई र वीरबहादुर के.सी., बिराटनगर कार्यालयका शम्भुप्रसाद पोखरेल, नन्दकुमारी रिजाल र दिवाकरप्रसाद अधिकारी, बैंकिङ कार्यालयका संजयकुमार के.सी., जगन्नाथ सुवेदी, धनगढी कार्यालयका घनश्याम फुलारा, झकेन्द्रबहादुर शाही र लक्ष्मणसिंह बोहरा, विदेशी विनिमय व्यवस्थापन विभागका उत्तमकुमार पोखरेल र प्रल्हाद खड्का, राष्ट्र ऋण व्यवस्थापन विभागका रमेशकुमार कटुवाल, आन्तरिक लेखापरीक्षण विभागका अमृतकुमार बुढाथोकी पनि सो कार्यक्रममा सहभागी हुनुभएको थियो ।

विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक मुक्तिनाथ सापकोटा Deutsche Bundesbank ले Germany मा February 5 देखि 9 सम्म आयोजना गरेको On-site banking विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

कानुन महाशाखाका सहायक निर्देशक सुमन आचार्य IFC & ILI ले Sirlanka मा February 12 देखि 16 सम्म आयोजना गरेको Certificate Programme on Legal Skill for Private Sector & Financing मा सहभागी हुनुभयो ।

## निधन

नेपालगञ्ज कार्यालयका कार्यालय सहयोगी प्रथम कन्हैयालाल बाल्मिकीको निधन भएको छ । नेपाल राष्ट्र बैंक समाचार शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

# आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षा

## पृष्ठभूमि

१. २०७४ असार २५ गते सार्वजनिक गरिएको आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिले वित्तीय क्षेत्रको स्थायित्वलाई थप सुदृढ तुल्याउने, सबै स्थानीय तहमा बैंक शाखा विस्तार गर्ने तथा कृषि, उर्जा, पर्यटन लगायतका प्राथमिकता प्राप्त क्षेत्रमा थप कर्जा विस्तार गर्ने कार्यदिशा तय गरेको थियो ।

२. आर्थिक क्रियाकलाप विस्तारका कारण मुद्रास्फीति एवम् शोधनान्तर स्थितिमा पर्न सक्ने दवावलाई नियन्त्रण गर्ने उद्देश्यकासाथ मौद्रिक नीतिका संचालन लक्ष्य तथा उपकरणहरु चयन गरिएका थिए । आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षा २०७४ मंसिर २२ गते सार्वजनिक गरिएको थियो । आर्थिक वर्ष २०७४/७५ देखि मौद्रिक नीतिको त्रैमासिक समीक्षा गर्ने अभ्यास प्रारम्भ गरिएको हो ।

३. मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षा गर्दा अर्थतन्त्रमा देखिएका विद्यमान अवसर र चुनौतीलाई ध्यानमा राख्नु पर्ने देखिन्छ। राजनीतिक संक्रमणको अन्त्यसँगै लगानीमा हुने विस्तारले अर्थतन्त्रमा गुणात्मक प्रभाव पार्ने र उच्च आर्थिक वृद्धिका लागि मार्ग प्रशस्त हुने अवसर प्राप्त भएको छ । यसका साथै वाह्य क्षेत्र सन्तुलन र मुद्रास्फीतिमा देखिएको दवावले समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने कार्यमा चुनौती पनि थपेको छ ।

४. आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमार्फत् घोषणा गरिएको बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पूँजी वृद्धि गर्ने दूरगामी महत्वको कदमले सार्थकता पाएको छ । यस अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको पूँजीगत आधार सुदृढ भएको छ । उल्लेख्य संख्यामा बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा मर्ज भएका छन् भने मर्ज पछि बनेका संस्थाहरु पनि आफ्ना शाखा सञ्जालमार्फत् वित्तीय पहुँच विस्तारमा केन्द्रित भएका छन् । पूँजी वृद्धिको महत्वपूर्ण कदमले भविष्यमा समेत बैंकहरुलाई पूँजीगत आधार सबल बनाउनु पर्ने सन्देश दिएको छ ।

५. मौद्रिक नीति जारी भएको ६ महिनामा अर्थतन्त्रको अवस्था मिश्रित रहेको छ । पर्यटक आगमनमा वृद्धि, विद्युत आपूर्तिमा निरन्तरता, पुनर्निर्माणमा देखिएको विस्तार तथा शान्तिपूर्ण रुपमा सम्पन्न भएका स्थानीय तह, प्रदेश सभा र संघीय संसदको चुनावका कारण आर्थिक गतिविधि गतिशील रहने अपेक्षा गरिएको छ । अर्कोतर्फ, बढ्दो चालु खाता घाटा र बैंकहरुको साधन परिचालनमा देखिएको असन्तुलनका कारण समग्र आर्थिक एवम् वित्तीय स्थायित्व कायम गर्ने कार्य चुनौतीपूर्ण हुने देखिएको छ ।

६. विश्व अर्थतन्त्रमा विस्तार, अन्तर्राष्ट्रिय बजारमा वित्तीय सम्पत्तिको मूल्यमा उच्च उतार चढाव, विकसित मुलुकहरुमा कसिलो मौद्रिक नीतिको अभ्यास तथा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य वृद्धिका सन्दर्भमा अन्तर्राष्ट्रिय आर्थिक घट्नाक्रमको नेपाली अर्थतन्त्रमा मिश्रित प्रभाव पर्ने देखिन्छ ।

## आर्थिक लक्ष्यहरुको स्थिति

७. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा उल्लिखित ७.२ प्रतिशतको लक्षित आर्थिक वृद्धिदरका सम्बन्धमा समष्टिगत मागको अवस्थालाई विश्लेषण गर्दा कुल उपभोग खर्च विस्तारले निरन्तरता पाएको देखिन्छ । उपभोग खर्चको प्रत्यक्ष प्रभाव मुलुकको व्यापार घाटामा परेको छ । समष्टिगत मागको महत्वपूर्ण पक्ष खुद निर्यात थप खस्केका कारण आर्थिक वृद्धिमा तदनुरुपको प्रभाव परेको देखिन्छ । यद्यपि, कुल पूँजी निर्माणमा केही विस्तार आएकोले आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

८. अर्थतन्त्रको क्षेत्रगत विश्लेषण गर्दा कृषि क्षेत्रको उत्पादन विस्तार सामान्य रहने देखिन्छ। औद्योगिक क्षमता उपयोगमा विस्तार, कच्चा पदार्थ आयातमा वृद्धि तथा पर्यटक आगमनमा देखिएको सुधारले अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने देखिन्छ। पर्याप्त वर्षाका कारण मकैको उत्पादनमा उल्लेख्य वृद्धि भएको छ भने बाढीले भूक्षेत्र कटान गरेका कारण धानको उत्पादन अपेक्षित नहुने देखिन्छ। यी सबै तथ्यहरुको विश्लेषण गर्दा आर्थिक वर्ष २०७४/७५ मा आर्थिक वृद्धि मध्यमखालको रहने देखिन्छ ।

९. आर्थिक वर्ष २०७४/७५ को लागि औसत उपभोक्ता मुद्रास्फीतिको लक्षित सीमा ७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको ६ महिनाको औसत मुद्रास्फीति दर ३.५ प्रतिशत रहेको छ। आन्तरिक उत्पादन तथा आपूर्ति व्यवस्थामा भएको सुधार, तरलता व्यवस्थापनमा अपनाइएको सजगता र छिमेकी मुलुकमा समेत मुद्रास्फीति नियन्त्रित रहेका कारण मुद्रास्फीति न्यून रहेको हो । तर पछिल्लो समय पेट्रोलियम पदार्थ र निर्माण सामग्रीको मूल्यमा भएको वृद्धिका कारण आगामी दिनमा मुद्रास्फीतिमा चाप पर्ने जोखिम रहेको छ।

१०. आर्थिक वर्ष २०७४/७५ को ६ महिनामा मुलुकको शोधनान्तर स्थिति रु. ६ अर्ब ६६ करोडले घाटामा छ। वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणमा आएको कमी र आयातको उच्च वृद्धिका कारण चालु खाता घाटा रु. ७५ अर्ब ७१ करोड पुगेकोले समग्र शोधनान्तर घाटामा गएको हो । तथापि, २०७४ पुस मसान्तमा कुल विदेशी विनिमय सञ्चिति रु. १०६७ अर्ब ३४ करोड रहेको छ ।

११. आर्थिक वर्ष २०७४/७५ को अन्त्यसम्ममा कम्तिमा ८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०७४ पुस मसान्तमा रहेको सञ्चितिले करिब १०.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्नेदेखिन्छ ।

## मौद्रिक लक्ष्यहरुको स्थिति

१२. आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिमा विस्तृत मुद्राप्रदायको वार्षिक वृद्धिदर १८.० प्रतिशत भित्र कायम गर्ने प्रक्षेपण गरिएको थियो। प्रक्षेपित आर्थिक वृद्धि, मुद्रास्फीति र विदेशी विनिमय संचिति मौद्रिक विस्तार सीमाका आधारका रुपमा लिइएका थिए। २०७४ पुस महिनासम्मको वार्षिक विन्दुगत वृद्धिदर १४.० प्रतिशतलाई आधार मान्दा विस्तृत मुद्राप्रदायको वृद्धिदर वाञ्छित सीमा भित्र रहने देखिन्छ ।

१३. नेपाल सरकारको बजेटसँग तादात्म्य हुने गरी आर्थिक वर्ष २०७४/७५ को लागि कुल आन्तरिक कर्जा वृद्धिदर २७.८ प्रतिशत प्रक्षेपण गरिएकोमा २०७४ पुसमा वार्षिक विन्दुगत वृद्धि २१.७ प्रतिशत रहेको छ । आगामी दिनमा नेपाल सरकारको खर्च बढ्ने देखिएता पनि आन्तरिक कर्जाको वृद्धिदर वार्षिक सीमाभित्र नै रहने देखिन्छ।

१४. निजी क्षेत्रतर्फको कर्जा विस्तार आर्थिक वर्ष २०७४/७५ मा २०.०

क्रमशः ९ पेजमा

प्रतिशतभित्र सीमित गर्नुपर्ने प्रक्षेपण गरिएकोमा सो कर्जाको वार्षिक विन्दुगत वृद्धि दर २०७४ पुसमा १७.३ प्रतिशत पुगेकोछ ।

१५. २०७४ असार मसान्तको तुलनामा २०७४ पुस मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग १.३ प्रतिशतले अधिमूल्यन भई प्रति अमेरिकी डलर रु. १०१.५२ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १.७ प्रतिशतले अवमूल्यन भएको थियो ।

### मौद्रिक उपकरण तथा तरलता व्यवस्थापन

१६. अल्पकालीन ब्याजदरमा आउने उतार-चढावलाई न्यूनीकरण गर्दै ब्याजदर स्थायित्व कायम गर्ने र मौद्रिक व्यवस्थापनलाई आधुनिकीकरण गर्ने उद्देश्यले यस बैंकले २०७४ कात्तिक १७ गतेदेखि "ब्याजदर करिडोर सम्बन्धी कार्यविधि, २०७४" कार्यान्वयनमा ल्याएको छ । यस व्यवस्था अनुसार पहिलो पटक २०७४ कार्तिक २९ गते ३.० प्रतिशत दरमा निक्षेप संकलन गरी ब्याजदर करिडोर शुरु गरिएको थियो ।

१७. भारित औसत अन्तर-बैंक ब्याजदर ३ प्रतिशतभन्दा तल जाने प्रवृत्ति देखिएमा ३ प्रतिशत ब्याजदरमा बजारबाट तरलता प्रशोचन गर्ने र ५ प्रतिशतभन्दा माथि रही बढ्ने प्रवृत्ति देखिएमा ५ प्रतिशत रिपोदरमा बजारमा तरलता पठाउने व्यवस्था अनुरुप यस बैंकले ३ प्रतिशतदेखि ७ प्रतिशतको ब्याजदर करिडोर लागू गरेको छ । यस्तो व्यवस्था शुरु भएपश्चात् अन्तर-बैंक दरलाई करिडोर भित्र राख्ने गरी तरलता व्यवस्थापन हुँदै आएकोछ ।

### तरलता प्रवाह

१८. आर्थिक वर्ष २०७४/७५ को ६ महिनामा बैंक तथा वित्तीय संस्थाहरुले रु. २३ अर्ब ५८ करोड स्थायी तरलता सुविधा उपयोग गरेका छन् । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रु. १३ अर्ब ९८ करोड स्थायी तरलता सुविधा उपयोग भएको थियो ।

१९. समीक्षा अवधिमा खुला बजार कारोबारमार्फत् कुल रु. ६९ अर्ब ३३ करोड तरलता प्रवाह गरिएको छ । यस क्रममा ब्याजदर करिडोर अन्तर्गतको १४ दिने रिपो बोलकबोलमार्फत् रु. ४४ अर्ब ५ करोड र सोझै खरिद बोलकबोलमार्फत् रु. २५ अर्ब २८ करोड तरलता प्रवाह गरिएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रु. १५ अर्ब ४० करोड तरलता प्रवाह भएको थियो ।

२०. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर १ अर्ब ९२ करोड खुद खरिद गरी रु. १९८ अर्ब ४ करोड खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब ४ करोड खुद खरिद भई रु. २१९ अर्ब ३५ करोड खुद तरलता प्रवाह भएको थियो ।

### तरलता प्रशोचन

२१. आर्थिक वर्ष २०७४/७५ को ६ महिनासम्ममा खुलाबजार कारोबारका विभिन्न उपकरणहरुमार्फत् पटक-पटक गरी रु. १२९ अर्ब २० करोड तरलता प्रशोचन गरिएको छ । यस अनुसार निक्षेप संकलन बोलकबोलमार्फत् रु. ४२ अर्ब ३५ करोड, ब्याजदर करिडोर अन्तर्गतको १४ दिने निक्षेप बोलकबोलमार्फत् रु. २ अर्ब १० करोड र रिभर्स रिपोमार्फत् रु. ८४ अर्ब ७५ करोड तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. १०१ अर्ब १० करोड तरलता प्रशोचन गरिएको थियो ।

### भा.रु. खरिद

२२. समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब २० करोड र यूरो ४ करोड बिक्री गरी रु. २३१ अर्ब ६४ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ९८ करोड र यूरो ९ करोड ५० लाख बिक्री गरी रु. २२४ अर्ब ३० करोड बराबरको भा.रु. खरिद भएको थियो ।

### अन्तर-बैंक कारोवार

२३. आर्थिक वर्ष २०७४/७५ को ६ महिनासम्ममा वाणिज्य बैंकहरुले रु. ५८५ अर्ब २८ करोड र अन्य वित्तीय संस्थाहरुले रु. ९ अर्ब ६३ करोड गरी कुल रु. ५९४ अर्ब ९१ करोड अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरुले क्रमशः रु. ५९५ अर्ब ५९ करोड र रु. १९७ अर्ब ९३ करोड गरी कुल रु. ७९३ अर्ब ५२ करोड यस्तो कारोबार गरेका थिए ।

### ब्याजदर

२४. २०७३ पुसमा ९१-दिने ट्रेजरी विल्सको भारित औसत ब्याजदर १.७४ प्रतिशत रहेकोमा २०७४ पुसमा यस्तो ब्याजदर ५.८२ प्रतिशत रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७३ पुसमा २.७१ प्रतिशत रहेकोमा २०७४ पुसमा ४.४० प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७३ पुसमा ५.५३ प्रतिशत रहेकोमा २०७४ पुसमा ५.११ प्रतिशत रहेको छ ।

२५. समीक्षा अवधिमा वाणिज्य बैंकहरुको निक्षेप र कर्जाको भारित औसत ब्याजदर क्रमशः ६.२१ प्रतिशत र ११.७९ प्रतिशत रहेको छ ।

### कर्जा व्यवस्थापन

### भूकम्प पीडित कर्जा

२६. भूकम्प पीडितहरूलाई बढीमा २ प्रतिशतसम्मको ब्याजदरमा आवासीय घर निर्माण कर्जा प्रदान गर्न यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत २०७४ पुस मसान्तसम्ममा रु. १ अर्ब १२ करोड पुनरकर्जा उपयोगमा रहेको छ ।

### ब्याज अनुदान कृषि कर्जा

२७. नेपाल सरकारबाट ५ प्रतिशत ब्याज अनुदानमा बैंक तथा वित्तीय संस्थाहरुमार्फत् प्रवाह गरिने व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा २०७४ पुस मसान्तसम्ममा ६२०३ जनाले उपयोग गरेका छन् । यस अन्तर्गत रु. ६ अर्ब ९१ करोड कर्जा बक्यौता रहेको छ भने रु. ३३ करोड ७३ लाख ब्याज अनुदान प्रदान गरिएको छ ।

### पुनरकर्जा

२८. उत्पादनशील क्षेत्रतर्फ लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग समीक्षा अवधिमा बढेको छ । २०७४ पुस मसान्तमा यस बैंकले प्रदान गरेको पुनरकर्जा कुल रु. १३ अर्ब २१ करोड उपयोग भएको छ ।

### प्राथमिकताप्राप्त क्षेत्र कर्जा

२९. वाणिज्य बैंकहरुले कृषि क्षेत्रमा १० प्रतिशत, ऊर्जामा ५ प्रतिशत,

क्रमशः १० पेजमा

पर्यटन क्षेत्रमा ५ प्रतिशत र बाँकी अन्य प्राथमिकता प्राप्त क्षेत्रमा गरी आफ्नो कुल कर्जाको न्यूनतम २५ प्रतिशत कर्जा २०७५ असारसम्ममा अनिवार्य रुपमा प्रवाह गर्नुपर्ने व्यवस्था यस बैंकले कार्यान्वयनमा ल्याएको छ । यस व्यवस्था अनुसार २०७४ पुस मसान्तसम्ममा कृषिमा ६.८ प्रतिशत, ऊर्जामा ३.२ प्रतिशत, पर्यटनमा ३.४ प्रतिशत र अन्य क्षेत्रमा ९.२ प्रतिशत गरी कुल कर्जाको २२.६ प्रतिशत कर्जा प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह भएको छ ।

### वित्तीय क्षेत्र सुधार

३०. अघिल्लो आर्थिक वर्ष वित्तीय क्षेत्रसँग सम्बन्धित विभिन्न कानूनमा समय सापेक्ष सुधार भएका छन् र ती क्रमशः लागू हुँदै गएका छन् । साथै, वित्तीय क्षेत्र विकास रणनीतिमा उल्लेख भएका यस बैंकसँग सम्बन्धित कार्यक्रमहरु समेत चरणबद्ध रुपमा कार्यान्वयनमा रहेका छन् ।

३१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम पूर्वाधार विकास बैंक स्थापनाका लागि "पूर्वाधार विकास बैंकको इजाजत सम्बन्धी नीतिगत व्यवस्था, २०७४" लागू गरिएको छ । उक्त नीतिमा भएको व्यवस्था बमोजिम बैंक स्थापनाका लागि आवेदन प्राप्त भएको छ ।

३२. संघीयता कार्यान्वयनको सन्दर्भमा अर्को व्यवस्था नभएसम्मका लागि यस बैंकको विराटनगर कार्यालयले प्रदेश नं. १, जनकपुर तथा वीरगञ्ज कार्यालयले साविकको व्यवस्था अनुसारका प्रदेश नं. २ का जिल्लाहरु, केन्द्रीय कार्यालयले प्रदेश नं. ३, पोखरा कार्यालयले प्रदेश नं. ४, सिद्धार्थनगर कार्यालयले साविक बमोजिमका प्रदेश नं. ५ का जिल्लाहरु, नेपालगञ्ज कार्यालयले साविकको व्यवस्था अनुसार प्रदेश नं. ५ का जिल्लाहरु एवम् प्रदेश नं. ६ र धनगढी कार्यालयले प्रदेश नं. ७ को केन्द्रीय बैंकिङ्ग सम्बन्धी कार्य हेर्ने व्यवस्था मिलाइएको छ ।

३३.यस बैंकको लगानी रहेका विभिन्न संगठित संस्थाहरुको शेयर क्रमशः विनिवेश गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।

### समष्टिगत विवेकशील नियमन

३४. वित्तीय स्थायित्व कायम गर्न यस बैंकले समष्टिगत विवेकशील नियमनका विविध उपायहरु अवलम्बन गर्दै आएको छ ।

३५. विकेन्द्रित विकासलाई प्रोत्साहन गर्ने उद्देश्यले काठमाडौं उपत्यकाभित्र रियल स्टेट कर्जा र त्यसको सुरक्षणबीचको अनुपात (एलटीभी रेसियो हालको ५० प्रतिशतबाट ४० प्रतिशत कायम गरी अन्य स्थानका हकमा साविकको ५० प्रतिशतसम्मको अनुपातलाई निरन्तरता दिइएको छ । २०७४ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल कर्जामा रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) को अंश १४.६ प्रतिशत रहेको छ ।

३६. निजी प्रयोजनका सवारी साधनमा ऋण प्रवाह गर्दा सो सवारीको मूल्याङ्कनको अधिकतम् ६५ प्रतिशतसम्म कर्जा दिन पाउने व्यवस्था रहको छ । यस व्यवस्था अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको हायर पर्चेज कर्जा वार्षिक विन्दुगत आधारमा १२.० प्रतिशतले वृद्धि भई २०७४ पुस मसान्तसम्ममा रु. १५९ अर्ब ७५ करोड पुगेको छ ।

### वित्तीय विस्तार

३७. मर्जर तथा एक्वीजिसनको नीतिपश्चात् संख्या घटे तापनि बैंक तथा वित्तीय संस्थाहरुको शाखा सञ्जालमा उल्लेख्य विस्तार आएको छ । यस अनुसार २०७४ पुस मसान्तमा २८ वाणिज्य बैंक, ३६ विकास बैंक, २५ वित्त कम्पनी र ५८ लघुवित्त वित्तीय संस्था गरी कुल १४७ वटा बैंक तथा वित्तीय संस्थाहरु संचालनमा रहेका छन् । संचालनमा रहेका संस्थाहरुको शाखा संख्या २०७४ पुस मसान्तमा ५५९२ पुगेको छ ।

३८. संघीय संरचना अनुसार तय भएका ७५३ स्थानीय तहमध्ये हालसम्म ३५२ तहमा वाणिज्य बैंकहरुको उपस्थिति रहेको छ । बाँकी २८४ तहमा शाखा खोल्ने प्रतिबद्धता वाणिज्य बैंकहरुबाट प्राप्त भएको छ भने ११७ तहमा प्रतिबद्धता प्राप्त हुन बाँकी रहेको छ ।

### नियमन तथा सुपरिवेक्षण

३९. आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमार्फत् लागू गरिएको न्यूनतम चुक्ता पूँजी योजना अनुसार बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पूँजी २०७२ असारको रु. १४१ अर्ब ७० करोडबाट २०७४ पुस मसान्तमा रु. २६२ अर्ब ७५ करोड पुगेको छ ।

४०. वित्तीय पहुँच विस्तार गर्न र भुक्तानी प्रणालीलाई सुरक्षित एवम् प्रभावकारी बनाउन विभिन्न नीति, नियम र निर्देशनहरु जारी गरिएको छ र भुक्तानी सेवा प्रदायक (PSP) तथा भुक्तानी सेवा संचालक (PSO) हरुलाई अनुमति प्रदान गर्ने कार्य समेत प्रारम्भ गरिएको छ । यस अन्तर्गत हालसम्म ३ वटा भुक्तानी प्रणाली सञ्चालक तथा २ वटा भुक्तानी सेवा प्रदायकलाई अनुमति प्रदान गरिएको छ भने भुक्तानी सेवा प्रदायक संस्था स्थापना गर्न ९ वटा र भुक्तानी प्रदायक संयन्त्र स्थापनाका लागि ६ वटा गरी कुल १५ वटा संस्थालाई आसय पत्र प्रदान गरिएको छ ।

४१. रिजोलुसन प्रक्रिया सम्पन्न भएपश्चात् २०७४ असार मसान्तसम्ममा संचालनमा आएका बैंक तथा वित्तीय संस्थाहरुले तोकिएको न्यूनतम् चुक्ता पुँजी २०७६ असार मसान्तभित्र पुऱ्याउनु पर्ने व्यवस्था गरिएको छ ।

४२. वित्तीय सबलता सूचकाङ्क (Financial Soundness Indicators) को रिपोर्टिङ्ग संयन्त्र विकास गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय मुद्रा कोषको प्राविधिक सहयोगमा कार्य अगाडि बढेको छ ।

४३. बैंकिङ्ग सेवालाई सरल र सहज बनाउन ग्राहकलाई पायक पर्ने अन्य बैंक तथा वित्तीय संस्थाको जुनसुकै शाखामा गई आफ्नो खाता रहेको बैंकमा रकम जम्मा गर्न एवम् सेवा प्रदायक संस्थाको खातामा भुक्तानी गर्ने प्रयोजनका लागि नेपाल क्लियरिङ्ग हाउसको Interbank Payment System (IPS) प्रणालीमार्फत् गर्न सक्ने गरी आवश्यक प्रक्रिया मिलाउनु पर्ने व्यवस्था गरिएको छ ।

४४. नेपालको विद्यमान भुक्तानी प्रणालीको कानूनी तथा नियामकीय आधारलाई बलियो बनाउन भुक्तानी तथा फछ्यौंट ऐनको मस्यौदा नेपाल सरकार समक्ष पेश गरिएको छ । त्यसैगरी, रियल टाइम ग्रस सेटलमेन्ट (RTGS) सिस्टम स्थापना सम्बन्धी कार्य अगाडि बढाइएको छ भने National Small Value Payment Strategy तर्जुमा गर्ने कार्य शुरु गरिएको छ ।

४५. बैंक तथा वित्तीय संस्थाहरुले मुद्दती निक्षेप खाता खोल्ने ग्राहकलाई सो मुद्दती निक्षेप रसिदको धितोमा कर्जा प्रदान गर्दा खाता खोल्दाकै बखत कर्जामा लाग्ने ब्याजदर तय गर्नुपर्ने र यसरी तय भएको ब्याजदरभन्दा बढी लिन नपाइने व्यवस्था गरिएको छ ।

क्रमशः ११ पेजमा

४६. बोलकबोलबाट संकलन हुने संस्थागत निक्षेपमा प्रकाशित दरमा २ प्रतिशतसम्म थप गरी निक्षेप संकलन गर्न सकिने तर प्रकाशित ब्याजदर ३ महिनासम्म परिवर्तन गर्न नपाईने व्यवस्था गरिएको छ।

## लघुवित्त तथा वित्तीय पहुँच

४७. लघुवित्त वित्तीय संस्थाहरुले आफ्ना ग्राहकबाट अधिकतम २ प्रतिशतसम्म मात्र सेवा शुल्क लिन पाउने व्यवस्था गरिएको छ। साथै, ग्राहकहरुको हकहितका लागि खडा गरिएका सबै प्रकारका कोषहरुलाई ग्राहक संरक्षण कोषमा समायोजन गर्नुपर्ने र उक्त कोषको रकम कार्यविधि बनाई खर्च गर्नुपर्ने व्यवस्था गरिएको छ।

४८. लघुवित्त सेवाको पहुँच कम भएका मनाङ, हुम्ला, डोल्पा, कालिकोट, मुगु, जाजरकोट, बझाङ, बाजुरा, दार्चुला, ओखलढुंगा, जुम्ला, अछाम, बैतडी, रुकुम, सल्यान, भोजपुर, मुस्ताङ, रोल्पा, ताप्लेजुङ, खोटाङ, रसुवा र सोलुखुम्बु गरी २२ जिल्लाहरुमा "घ" वर्गका वित्तीय संस्थाले सदरमुकाम बाहेकका स्थानमा शाखा खोलेमा रु. ४० लाखसम्म निर्ब्याजी सापटी प्रदान गरिने व्यवस्था गरिएको छ।

## विदेशी विनिमय व्यवस्थापन

४९. नेपालका वायुसेवा प्रदायक कम्पनीहरुमा कार्यरत विदेशी नागरिकको पारिश्रमिक भुक्तानी सम्बन्धी व्यवस्थालाई थप सरल बनाइएको छ। त्यसैगरी, इजाजतप्राप्त होटलहरुले आफ्ना ग्राहकलाई एक बसाई अवधिमा एक पटकको लागि ३०० अमेरिकी डलर वा सो बराबरसम्मको परिवर्त्य विदेशी मुद्रा सटही प्रदान गर्न सक्ने व्यवस्था मिलाइएको छ।

५०. अत्यावश्यक र तुरुन्तै आयात गर्नुपर्ने हवाईजहाज, दूरसंचार र मेडिकल इक्विपमेन्टहरुका लागि अमेरिकी डलर १० हजार मूल्यसम्मका पार्टपूर्जाहरु उधारोमा समेत आयात गर्न सक्ने व्यवस्था गरिएको छ।

५१. इजाजतप्राप्त बैंकहरुले आफूसँग भएको विदेशी मुद्रा विदेशस्थित बैंकमा लगानी गर्दा अधिकतम २ वर्षसम्म लगानी गर्न सक्ने व्यवस्था रहेकोमा पूर्ण तरल सरकारी सुरक्षणपत्रमा बढीमा ५ वर्षसम्मका लागि लगानी गर्न सक्ने व्यवस्था गरिएको छ।

५२. नेपाली नागरिक, फर्म तथा संस्थाहरुले आफ्नो व्यवसाय गर्न वा भइरहेको व्यवसाय विस्तार गर्न यस बैंकको पूर्व स्वीकृति लिई विदेशमा रहेका आफ्ना नातेदार, अन्य व्यक्ति, गैर-आवासीय नेपाली वा संघ संस्थाबाट बैंकले तोकेको शर्तको अधिनमा रही अमेरिकी डलर ५ लाखसम्म र भारतको हकमा ५ करोड भारतीय रुपैयाँसम्म ऋण लिन सक्ने व्यवस्था गरिएको छ।

## अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य

५३. अन्तर्राष्ट्रिय मुद्रा कोषले विश्व अर्थतन्त्र सन् २०१७ को ३.७ प्रतिशतको तुलनामा सन् २०१८ मा ३.९ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ। विकसित मुलुकहरुको अर्थतन्त्र सन् २०१७ मा २.३ प्रतिशतले वृद्धि भएको र सन् २०१८ मा पनि २.३ प्रतिशतले नै वृद्धि हुने कोषको प्रक्षेपण छ।

५४. उदीयमान तथा विकासशील अर्थतन्त्र सन् २०१७ मा ४.७ प्रतिशतले वृद्धि भएकोमा सन् २०१८ मा ४.९ प्रतिशतले बढ्ने कोषको प्रक्षेपण छ। चीनको अर्थतन्त्र सन् २०१७ को ६.८ प्रतिशत वृद्धिको तुलनामा सन् २०१८ मा ६.६ प्रतिशतले र भारतीय अर्थतन्त्र सन् २०१७ को ६.७ प्रतिशतको तुलनामा सन् २०१८ मा ७.४ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ।

५५. विश्व अर्थतन्त्रमा आएको सुधार, पेट्रोलियम पदार्थ निर्यात गर्ने देशहरुको संगठन (ओपेक) को उत्पादन कटौती गर्ने निर्णय तथा मध्य पूर्वी देशहरुबीचको भूराजनीतिक तनावका कारण पेट्रोलियम पदार्थको मूल्यमा चाप परेको कोषको विश्लेषण छ। कोषले पेट्रोलियम पदार्थको मूल्य सन् २०१७ मा २३.१ प्रतिशत वृद्धिको तुलनामा सन् २०१८ मा ११.७ प्रतिशतले बढ्ने प्रक्षेपण गरेको छ। त्यसैगरी, विकसित अर्थतन्त्रहरुको उपभोक्ता मुद्रास्फीति सन् २०१७ मा १.७ प्रतिशत रहेकोमा सन् २०१८ मा १.९ प्रतिशत हुने कोषको प्रक्षेपण छ। उदीयमान तथा विकासशील अर्थतन्त्रहरुको उपभोक्ता मुद्रास्फीति सन् २०१७ को ४.१ प्रतिशतको तुलनामा सन् २०१८ मा ४.५ प्रतिशत हुने कोषको प्रक्षेपण छ।

## आर्थिक तथा मौद्रिक परिदृश्य

५६. चालु आर्थिक वर्षको ६ महिनासम्मका आर्थिक गतिविधिहरुको विश्लेषण गर्दा कृषि क्षेत्रको वृद्धिदरमा गत वर्षको तुलनामा केही कमी आउने देखिएको छ। सेवा तथा औद्योगिक क्षेत्रका गतिविधिमा देखिएको उत्साहलाई दिगो बनाई राख्नुपर्ने देखिएको छ। तथापि, आर्थिक वर्ष २०७४/७५ मा आर्थिक वृद्धिदर मध्यमस्तरको रहने देखिएको छ।

५७. आर्थिक वर्ष २०७४/७५ मा मुद्रास्फीति दरलाई ७ प्रतिशतको सीमा भित्र राख्ने यस बैंकको लक्ष्य रहेकोमा चालु आर्थिक वर्ष मुद्रास्फीति दर ६ प्रतिशतको सीमाभित्र रहने संशोधित अनुमान छ। तथापि, हालै पेट्रोलियम पदार्थ र निर्माण सामग्रीको मूल्यमा भएको वृद्धिले मुद्रास्फीतिमा दबाब पर्ने जोखिम भने बढेको छ।

५८. आर्थिक वर्ष २०७४/७५ को पहिलो ६ महिनामा मुलुकको शोधनान्तर स्थिति घाटामा रहेको छ। आयातमा भएको उच्च वृद्धि र विप्रेषण आप्रवाहमा आएको कमीका कारण मुलुकको शोधनान्तर स्थिति घाटामा गएको हो। आगामी दिनमा सरकारी खर्च वृद्धि हुने, पुनर्निर्माणले थप गति लिने र विदेशी लगानीका कम्पनीहरुको लाभांश बाहिरिने संभावनालाई विश्लेषण गर्दा शोधनान्तर स्थितिमा थप दवाव पर्ने जोखिम छ।

५९. आर्थिक वर्ष २०७४/७५ को ६ महिनासम्म मुलुकको शोधनान्तर स्थिति घाटामा गएको अवस्थामा समेत मौद्रिक विस्तार तुलनात्मक रुपमा उच्च रहेको छ। यद्यपि, सो विस्तार वार्षिक सीमा भित्र रहेको छ। त्यसैगरी, कर्जा विस्तार तुलनात्मक रुपमा उच्च नै रहेको छ। संघीय संरचना अनुसार तीनै तहको निर्वाचन सम्पन्न भई सकेको सन्दर्भमा सरकारी खर्च उल्लेख्य वृद्धि हुने अनुमान गर्दा मौद्रिक तथा कर्जा योगाङ्कहरुको वृद्धि वाञ्छित सीमामा राख्न चुनौतीपूर्ण हुने देखिन्छ।

## मौद्रिक नीतिको कार्यदिशा

६०. आर्थिक वर्ष २०७४/७५ को ६ महिनाको अवधिमा मुद्रास्फीति दर तोकिएको सीमाभन्दा न्यून रहेको छ। तर, आन्तरिक तथा वाह्य दुबै कारणले आगामी दिनमा मूल्यमा चाप पर्ने देखिएको छ। अघिल्लो वर्षमा झैं चालु आर्थिक वर्षको ६ महिनामा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको तुलनामा कर्जा विस्तार अधिक रहेको छ। त्यसैगरी, आयातमा भएको विस्तार तथा विप्रेषण आप्रवाह घटेको कारण शोधनान्तर स्थिति घाटामा रहेको छ। आर्थिक स्थायित्वका परिसूचकहरुमा आउन सक्ने

क्रमश: अन्तिम पेजमा

दवावलाई ध्यानमा राखी मौद्रिक नीतिको कार्यदिशा समायोजन गर्नुपर्ने अवस्था छ ।

६१. २०१८ जनवरीमा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य २०१७ जनवरीको तुलनामा २८.१ प्रतिशतले बढी प्रति व्यारल ६९.६४ अमेरिकी डलर पुगेको छ। साथै, पुनर्निर्माण एवम् पूर्वाधार सम्बन्धी आयोजनाहरुको कार्यान्वयनमा भइरहेको तीव्रताले निर्माण सामग्रीको मूल्य, ज्यालादर लगायतमा दवाव सृजना भएको छ । यस पृष्ठभूमिमा माग पक्षबाट सृजना हुने मूल्य वृद्धिलाई बाञ्छित सीमाभित्र राख्न मौद्रिक औजारहरुको आवश्यकता अनुसार प्रयोग गर्नुपर्ने देखिन्छ ।

६२. यस बैंकले प्रयोगमा ल्याएको ब्याजदर करिडोरको प्रभावकारिता बढ्दै गएको छ। वित्तीय प्रणालीको दैनिक तरलता अनुगमन गरी आवश्यकतानुसार तरलता प्रशोचन र प्रवाह गरिएकोले पछिल्लो समय अन्तर-बैंक दर करिडोर भित्रै रहेको छ । यस अभ्यासलाई निरन्तरता दिँदै तरलतामा देखिने उतार चढावलाई न्यूनीकरण गर्न खुला बजारका उपकरणहरु प्रयोग गर्दै जानुपर्ने देखिन्छ ।

६३. यस बैंकले निर्देश गरेको प्राथमिकता प्राप्त क्षेत्र कर्जा लगायतका क्षेत्रमा प्रवाह हुने कर्जाको अवस्थालाई सूक्ष्म अनुगमन गरी समष्टिगत विवेकशील नियमनका उपायहरुमार्फत् वित्तीय स्रोत/साधनको विवेकपूर्ण बाँडफाँड र वित्तीय स्थायित्व कायम गर्नेतर्फ जोड दिनुपर्ने देखिन्छ ।

६४. चालु आर्थिक वर्षको ६ महिनासम्ममा नेपाल सरकारले रु. ११४ अर्ब ७९ करोड आन्तरिक ऋण उठाएको छ। यस अवधिमा सरकारको पूँजीगत खर्च अपेक्षित स्तरमा हुन सकेको छैन। तथापि, आगामी दिनमा संघ, प्रदेश र स्थानीय तीनै तहवाट सरकारी खर्च बढ्ने संभावनालाई दृष्टिगत गरी मौद्रिक नीतिको कार्यदिशा तय गर्नुपर्ने देखिन्छ ।

## मौद्रिक उपायहरु

६५. मौद्रिक तरलतालाई व्यवस्थापन गर्न ब्याजदर करिडोरलाई सक्रियतापूर्वक कार्यान्वयन गरिनेछ ।

६६. मध्यम तथा दीर्घकालीन प्रकृतिको तरलता व्यवस्थापन गर्न सोझै खरिद-बिक्री, रिपो र रिभर्स रिपो जस्ता खुलाबजार कारोबार उपकरणहरुको आवश्यकता अनुसार प्रयोग गरिनेछ ।

६७. आर्थिक वर्ष २०७४/७५ मा हुन आउने यस बैंकको मुनाफाबाट रु. ५ अर्ब थप गरी पुनरकर्जा कोषको रकम बढाइनेछ ।

६८. विद्यमान अनिवार्य नगद अनुपात, बैंक दर, बैधानिक तरलता अनुपात तथा ब्याजदर करिडोरको नीतिगत दर र २ हप्ते निक्षेप संकलन बोलकबोल दरलाई यथावत राखिएको छ ।

६९. यस बैंकले तोकेका पुनरकर्जा सुविधा र पुनरकर्जा दरहरुलाई यथावत कायम गरिएको छ ।

७०. भारित औसत अन्तरबैंक दरलाई ब्याजदर करिडोरको संचालन लक्ष्यको रुपमा लिइने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

## वित्तीय उपायहरु

७१. वाणिज्य बैंकहरुले कृषिमा १० प्रतिशत, ऊर्जामा ५ प्रतिशत, पर्यटनमा ५ प्रतिशत र बाँकी अन्य प्राथमिकता प्राप्त क्षेत्रमा गरी आफ्नो कुल कर्जाको न्यूनतम २५ प्रतिशत कर्जा २०७५ असारसम्ममा अनिवार्य रुपमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा तोकिएको सीमामा कर्जा प्रवाह गर्न नसक्ने वाणिज्य बैंकहरुले उक्त सीमाभन्दा बढी कर्जा तोकिएका क्षेत्रमा प्रवाह गरेका अन्य बैंकहरुबाट सम्बन्धित प्राथमिकता प्राप्त शीर्षकमा ऋण बुक गर्न पाउने व्यवस्था मिलाइनेछ ।

७२. कर्जा/स्रोत परिचालन अनुपात (CCD Ratio) को अनुगमन दैनिक रुपमा गर्ने तर हर्जाना लगाउने प्रयोजनका लागि त्यस्तो अनुपातको मासिक औसतलाई आधार बनाइनेछ ।

७३. बैंक तथा वित्तीय संस्था बाहेकका अन्य सार्वजनिक संस्थानहरुले यस बैंकसँग बैंकिङ्ग कारोबार गरिरहेको परिप्रेक्ष्यमा त्यस्ता संस्थानहरुले वाणिज्य बैंकहरुमा खाता खोली कारोबार गरेमा बैंकिङ्ग क्षेत्रको तरलताको स्थिति समेत सहज हुने देखिएकोले सार्वजनिक संस्थानहरुसँग राय/प्रतिक्रिया माग गर्ने कार्य भैरहेको छ । यस सम्बन्धमा सम्बन्धित संस्थानहरुको राय/प्रतिक्रिया प्राप्त भएपछि आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

७४. यस बैंक समक्ष तोकिएका स्थानीय तहमा शाखा स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरेका वाणिज्य बैंकहरुले न्यूनतम् पूर्वाधार पुगेका स्थानहरुमा चालु आर्थिक वर्ष भित्रै शाखा स्थापना गरिसक्नु पर्नेछ। कुल ७५३ स्थानीय तहमध्ये बैंकिङ्ग सुविधा नपुगेका र हालसम्म वाणिज्य बैंकहरुबाट शाखा खोल्ने प्रतिबद्धता समेत प्राप्त हुन बाँकी रहेका ११७ वटा स्थानीय तहमध्ये कुनै दुई तहमा शाखा खोलेमामात्र बैंकहरुलाई काठमाडौं महानगरपालिका तथा ललितपुर महानगरपालिका भित्र एउटा शाखा खोल्न दिने व्यवस्था गरिनेछ। साथै, यस बैंकले सरकारी कारोबारका लागि प्रोत्साहन गर्न तोकिएका स्थानीय तहमा खोलिने शाखालाई प्रति शाखा रु. १ करोड एक वर्षको लागि निर्ब्याजी सापटी प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

७५. कुनै एक बैंक वा वित्तीय संस्थाले आफ्नो कुल कर्जाको बढीमा १५ प्रतिशतसम्म मात्र ओभरड्राफ्ट प्रकृतिको कर्जा प्रदान गर्न पाउने व्यवस्था गरिनेछ। उक्त सीमा नाघेका बैंक तथा वित्तीय संस्थाहरुले २०७५ पुस मसान्तभित्र तोकिएको सीमाभित्र ल्याइसक्नु पर्नेछ ।

## अन्त्यमा,

७६. मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षामार्फत् गरिएका व्यवस्थाबाट वित्तीय क्षेत्रको स्थायित्व कायम राख्न तथा लक्षित आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुग्ने विश्वास लिइएको छ। यी व्यवस्थाहरुको कार्यान्वयनका लागि यस बैंकले सम्बन्धित सबैको सहयोगको अपेक्षा गरेको छ ।

२०७४/१०/२९

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
शम्भुनाथ ढुङ्गाना

**सम्पादन सहयोगी**
सुरेश पन्त
समिता श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४२६७५९८, ४२६८११६